# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश , नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail: info@mandavimun.gov.np
mandavimun2073@gmail.com

## सेवा करारमा रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०९/२९

यस माण्डवी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६ बमोजिम रोजगार संयोजक करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क.स. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १७/०७७/७८ | रोजगार संयोजक (छैटौं तह) | १(एक) जना |

१. **शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

२. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातः**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १(एक) प्रति ।

ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१/ प्रति ।

ग) पासपोर्ट साइजको फोटो ३(तिन) प्रति ।

घ) कार्यअनुभव र तालिम भए सोको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।

३. **उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७७/१०/१४ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन ।

५. **परीक्षाको किसिमः** रोजगार संयोजक पदपूर्ति र सेवा सम्बन्धि मापदण्ड, २०७६ को दफा ८ र ९ मा तोके अनुसार (प्रारम्भिक् सुची, सेवा सम्बन्धि र कम्प्युटर सम्बन्धि) हुनेछ ।

६. **दरखास्त दस्तुरः** रु. १००० (एक हजार मात्र) ।

७. **पारिश्रमिकः** मापदण्डले निर्धारण गरे अनुसार ।

८. **करार अवधिः** एक वर्ष । ( आवश्यकता अनुसार थप हुन सक्ने)

९. **परीक्षा मितिः** प्रारम्भिक योग्यताक्रम Short Listing को सुचि सँगै प्रकाशन गरिनेछ ।

१०. रितपूर्वक प्राप्त नभएका र म्याद नाघी आएका दरखास्त उपर कुनै कारबाही हुने छैन । थप जानकारीका लागि यस गाउँपालिकाको वेबसाइट **www.mandavimun.gov.np** वा ९८५७८३६००६ मा सम्पर्क गर्न सकिनेछ ।

११. माथि उल्लेखित भए बाहेकका विषय रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ र पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

रिजाल
प्रमुख प्रशासकीय अधिकृत